# सिद्धलेक गाउँपालिका धादिङ

## गाउँसभाको उन्नाइसौ(बजेट अधिवेशन) उपाध्यक्ष श्री सविता अर्याल ज्यू द्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४ को बजेट वक्तव्य

सिद्धलेक गाउँपालिका

बागमती प्रदेश, नेपाल

मितिः २०८३/०३/०८ गते

**यस गाउँपालिकाका उपाध्यक्ष श्री सविता अर्यालद्वारा गाउँसभामा प्रस्तुत बजेट वक्तव्य**

**सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**
**प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**राष्ट्रसेवक कर्मचारी ज्यूहरू,**

सिद्धलेक गाउँपालिकाको १९ औं गाउँसभा अधिवेशनमा उपस्थित सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत तथा सम्मान व्यक्त गर्दछु ।

**१.** धादिङ जिल्लाको आर्थिक, सामाजिक, शैक्षिक, कृषि, धार्मिक तथा पर्यटन विकासको महत्वपूर्ण केन्द्रका रूपमा स्थापित हुँदै गएको सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरेको छु । संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना तथा देशको राजनीतिक, सामाजिक र आर्थिक रूपान्तरणका लागि विभिन्न आन्दोलनहरूमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात सम्पूर्ण शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

२.यो बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकार, बाग्मती प्रदेश सरकार र सिद्धलेक गाउँपालिकाका ऐन, नियम, कार्यविधि तथा निर्देशिका, आवधिक विकास योजना, बजेट तर्जुमा दिग्दर्शन, दीगो विकास लक्ष्य, मध्यमकालिन खर्च संरचना र गाउँपालिकाको नीति तथा कार्यक्रमलाई आधार मानेर बनाएको छु ।

३. "**उज्यालो सिद्धलेक, समृद्ध सिद्धलेक**" भन्ने हाम्रो साझा संकल्पलाई साकार पार्ने उद्देश्यका साथ तयार गरिएको यो बजेट पूर्ण रूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिकाको समृद्धि, सुशासन, उत्पादन वृद्धि, रोजगारी सिर्जना तथा नागरिकको जीवनस्तर उकास्ने दीर्घकालीन लक्ष्य हासिल हुने विश्वास लिएको छु।

**४.** आगामी आर्थिक वर्षको बजेट विनियोजन गर्दा आर्थिक अनुशासन, मितव्ययिता, कार्यान्वयन क्षमता, विकासका आवश्यकता तथा नागरिक अपेक्षालाई केन्द्रमा राखी संघ तथा प्रदेश सरकारबाट प्राप्त

अनुदान र गाउँपालिकाको आन्तरिक स्रोतको अधिकतम परिचालनमार्फत उत्पादन, उद्यमशीलता र रोजगारी अभिवृद्धि हुने कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

**५.** विगत वर्षहरूदेखि सञ्चालनमा रहेका तथा अधुरा रहेका विकास आयोजनाहरूलाई सम्पन्न गर्ने, सडक, खानेपानी, सिंचाइ, विद्युत तथा अन्य पूर्वाधारको स्तरोन्नति गर्ने गरी आवश्यक बजेट व्यवस्था गरिएको छ। साथै, पूर्वाधार विकासलाई दिगो, गुणस्तरीय र परिणाममुखी बनाउने नीति अवलम्बन गरिएको छ ।

**६.** ‘एक घर एक धारा’ खानेपानी कार्यक्रमलाई पूर्णता दिने, सबै बस्तीमा विद्युत तथा सडक पहुँच विस्तार गर्ने, कृषि उत्पादन तथा बजारीकरणलाई प्रोत्साहन गर्ने, गुणस्तरीय स्वास्थ्य र शिक्षा सेवामा नागरिकको पहुँच सुनिश्चित गर्ने, महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा विपन्न वर्गको सशक्तीकरण गर्ने तथा सेवा प्रवाहलाई थप सरल, पारदर्शी र नागरिकमैत्री बनाउने कार्यक्रमहरूलाई विशेष प्राथमिकता दिइएको छ ।

**७.** संघीय सरकारबाट प्राप्त शर्तयुक्त अनुदान तथा सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत प्राप्त हुने रकम सम्बन्धित शीर्षक तथा उद्देश्यअनुसार नै खर्च हुने व्यवस्था मिलाइएको छ । साथै, उपलब्ध स्रोत र साधनको प्रभावकारी तथा पारदर्शी परिचालनमार्फत सुशासन र वित्तीय अनुशासन कायम गरिनेछ ।

**सभाध्यक्ष ज्यू,**

अब म बजेटले अख्तियार गरेका उद्देश्य तथा प्राथमिकता यस सम्मानित सभा समक्ष राख्ने अनुमति चाहन्छु,

**बजेटका उद्देश्यहरू:**

अब म आर्थिक वर्ष २०८३/०८४ को बजेटले अवलम्बन गरेका उद्देश्यहरू यस सम्मानित सभासमक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु।

क. गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, आधुनिक तथा व्यवसायिक कृषि प्रणाली, महिला सशक्तीकरण, बाल अधिकार संरक्षण तथा न्यायमा सहज पहुँच सुनिश्चित गर्दै उज्यालो सिद्धलेक समृद्ध सिद्धलेक निर्माण गर्ने ।

ख. स्थानीय स्रोत, साधन, सीप, श्रम र सम्भावनाको अधिकतम परिचालन गरी उत्पादन, उत्पादकत्व, रोजगारी तथा आयआर्जन वृद्धि गर्ने ।

ग. सामाजिक न्याय, समान अवसर, लैङ्गिक समानता तथा समावेशी विकासमार्फत समतामूलक समाज निर्माण गर्ने ।

घ. सुशासन, पारदर्शिता, जवाफदेहिता तथा प्रविधिमैत्री सेवा प्रवाहमार्फत नागरिकप्रति उत्तरदायी स्थानीय सरकारको अनुभूति दिलाउने ।

ङ. शिक्षा, स्वास्थ्य, कृषि तथा मानव विकासका सूचकहरूमा उल्लेखनीय सुधार ल्याई नागरिकको जीवनस्तर उकास्ने ।

च. संघ, प्रदेश तथा विकास साझेदारहरूसँगको सहकार्य र साझेदारीलाई सुदृढ गर्दै दिगो विकासका लक्ष्य हासिल गर्ने ।

छ. स्थानीय तहको संस्थागत क्षमता अभिवृद्धि गरी उज्यालो सिद्धलेक समृद्ध सिद्धलेक निर्माणको आधार तयार गर्ने ।

**<u>बजेटका प्राथमिकताहरू:</u>**

उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायबमोजिमका प्राथमिकताहरू निर्धारण गरेको छु ।

क. शिक्षालाई गुणस्तरीय, प्रविधिमैत्री, सीपमूलक, व्यबहारिक,जीवनोपयोगी तथा रोजगारमुखी बनाइनेछ ।

ख. विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षक क्षमता अभिवृद्धि, डिजिटल सिकाइ तथा स्थानीय पाठ्यपूस्तक कार्यान्वयनलाई विशेष प्राथमिकता दिइनेछ ।

ग. विद्यालयको भौतिक पूर्वाधार सुदृढीकरण, पुस्तकालय, प्रयोगशाला तथा सूचना प्रविधिको पहुँच विस्तार गरिनेछ ।

घ. विद्यालय छोड्ने दर न्यूनीकरण गर्दै सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गरिनेछ ।

ङ. आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय, सर्वसुलभ तथा नागरिकमैत्री बनाइनेछ ।

च मातृ तथा शिशु स्वास्थ्य, पोषण, खोप, किशोर स्वास्थ्य तथा नसर्ने रोग नियन्त्रण कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।

छ. स्वास्थ्य संस्थाहरूको पूर्वाधार, उपकरण तथा जनशक्ति व्यवस्थापनलाई थप प्रभावकारी बनाइनेछ ।

ज. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा विपन्न नागरिकका लागि लक्षित स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ ।

झ. कृषि क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायिक, प्रतिस्पर्धी र आधुनिक कृषि प्रणालीमा रूपान्तरण गरिनेछ ।

ञ. कृषि उत्पादन, उत्पादकत्व तथा बजारीकरण वृद्धि गरी गाउँपालिकालाई कृषि क्षेत्रमा आत्मनिर्भर बनाउने नीति अवलम्बन गरिनेछ ।

ट. सिँचाइ, कृषि सडक, कृषि यान्त्रीकरण तथा भण्डारण पूर्वाधारमा लगानी वृद्धि गरिनेछ ।

ठ. युवा तथा महिलालाई कृषि उद्यमशीलतामा आकर्षित गर्दै रोजगारी र स्वरोजगार सिर्जना गरिनेछ ।

ड. महिला सशक्तीकरण, आर्थिक आत्मनिर्भरता, नेतृत्व विकास तथा उद्यमशीलता प्रवर्द्धनलाई उच्च प्राथमिकता दिइनेछ ।

ढ. लैङ्गिक हिंसा, बालविवाह, घरेलु हिंसा तथा सबै प्रकारका विभेद अन्त्यका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

ण. बालमैत्री स्थानीय शासन, बाल संरक्षण तथा बाल विकास कार्यक्रमलाई प्रभावकारी बनाइनेछ ।

त. न्यायिक समितिको संस्थागत क्षमता अभिवृद्धि गरी छिटो, सरल, सुलभ तथा प्रभावकारी न्याय सम्पादनमा जोड दिइनेछ ।

थ. मेलमिलाप केन्द्रहरूको सुदृढीकरण तथा समुदायस्तरमा विवाद समाधान प्रणालीलाई थप प्रभावकारी बनाइनेछ ।

द. कानुनी सचेतना, मानव अधिकार संरक्षण तथा सामाजिक न्याय प्रवर्द्धन गरिनेछ ।

ध. सूचना प्रविधिमा आधारित सेवा प्रवाह, पारदर्शिता र जवाफदेहितालाई थप सुदृढ बनाइनेछ ।

न. शिक्षा, स्वास्थ्य र कृषि उत्पादनसँग प्रत्यक्ष जोडिएका सडक, खानेपानी, सिँचाइ तथा अन्य आवश्यक पूर्वाधार निर्माणलाई प्राथमिकता दिइनेछ ।

प. युवा, खेलकुद, पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण र प्रवर्द्धन गरिनेछ ।

फ. साना तथा टुक्रे योजनाभन्दा उत्पादनमूलक, रोजगारीमूलक, दिगो र उच्च प्रतिफलयुक्त आयोजनामा लगानी केन्द्रित गरिनेछ ।

**सभाध्यक्ष ज्यू**

१. यस सिद्धलेक गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रमका लागि प्रस्तावित वजेट तथा क्षेत्रगत कार्यक्रमको जानकारी गराउन चाहन्छु । स्थानीय तहमा विषयगत शाखा तथा वडा स्तरबाट माग भए बमोजिम लागु हुने गरी व्यवस्था गरेको छु । आगामी आ.व. २०८३/०८४ का

लागि कुल वजेट रु. **६०५०४५२६०\—** (अक्षरुपि साठी करोड पच्चास लाख पैतालिस हजार दुई सय साठी रुपैयाँ  मात्र)  को वार्षिक वजेट तथा कार्यक्रम यस सभामा पेश गरेको छु । यसमा आन्तरिक राजस्व,राजस्व वाँडफाँड,वित्तिय समानिकरण अनुदान,सशर्त अनुदान लगायत अन्य अनुदानहरु समावेश गरेको छु । यसमा संघिय सरकार र प्रदेश सरकारको विनियोजित सशर्त अनुदान,समपुरक अनुदान, विशेष अनुदान रकम रु.३३,१२,५४,०००।— (अक्षरुपी तेत्तिस करोड बाह्र लाख चउन्न हजार रुपैया मात्र) संघ र प्रदेश बाटै वाँडफाँड भै आएको हुँदा यसलाइ कुनै हेरफेर नगरी सोही वमोजिम लागु हुने गरी अनुमोदनका लागि पेश गरेको छु । कुल वजेटमा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान,समपुरक अनुदान, विशेष अनुदान घटाई बाँकी रहेको वजेट रु.२७,३७,९१,२६०।— (अक्षरुपी सत्ताईस करोड सैत्तिस लाख एकानब्बे हजार दूई सय साठी रुपैयाँ मात्र) विनियोजन गरेको छु । यसै गरी चालू आ.व. २०८२।०८३ मा यस गाउँकार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु अनुमोदनका लागि गाउँ सभा समक्ष पेश गरेको छु । वजेट वितरणलाई क्षेत्रगत रुपमा समानुपातिक ढंगवाट विभाजन गरेको छु । मागमा आधारित योजनाहरु गाँउवस्ती वडास्तर, विषयगत समिति, योजना तथा वजेट तर्जुमा समितिबाट प्रस्ताव भई आए अनुसार बजेट बाँडफाँड गरेको छु । नयाँ संरचना, भौगोलिक कठिनाइ, जनताका अधिक मागका बावजुत न्युन वजेट मार्फत न्यायोचित ढंगवाट रकम बाँडफाँड गरिएको छ । यति हुँदाहुँदै पनि केही मागहरु सम्बोधन नभएको हुन सक्छन् यसलाइ पालिका स्तरीय योजना तथा कार्यक्रमबाट आवश्यकतालाई  मध्यनजर गर्दै समावेश गरिने कुरा पनि अवगत गराउन चाहान्छु ।

**सभाध्यक्ष महोदय,**

२. अब म यस सिद्धलेक गाउँपालिकाको आगामि आ.ब. २०८३/०८४ का मुख्य क्षेत्रगत कार्यक्रम तथा बजेट निम्नानुसार तय गरिएको व्यहोरा यस गरीमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

| सिद्धलेक गाउँपालिकाको आ.व.२०८३\०८४ को आय र व्ययको सक्षिप्त सिमा | | | | | |
|---|---|---|---|---|---|
| आय तर्फ | | | व्यय तर्फ | | |
| सि.नं | शिर्षक | रकम | सि.नं | शिर्षक | रकम |
| १ | वित्तिय समानीकरण अनुदान(संघ) | १२९०००००० | १ | प्रशासनिक खर्च गा.पा.चालु | १०८०५०००० |
| २ | राजस्व बाँडफाडँ (संघ) | ८५२१६००० | २ | आर्थिक विकास(कृषि, | १५००००० |
| | | | | पशु) | १०००००० |
| ३ | प्रदेश समानीकरण | ११९६३००० | | सामाजिक विकास तर्फ | |
| ४ | सवारी साधन कर (प्रदेश राजस्व बाँडफाँड) | ३०३१२२६० | ३ | शिक्षा,युवा तथा खेलकुद शाखा चालू | २००००००० |
| ५ | स्थानीय राजस्व (ढुंगा, गिट्टी, बालुवा बिक्रि, आन्तरिक आय समेत) | १७३००००० | ४ | स्वास्थ्य तथा सामाजिक शाखा | १०००००० |
| ६ | समपुरक अनुदान(प्रदेश) | २०००००००० | ५ | महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा | १६००००० |
| ७ | सशर्त अनुदान संघ(चालू) | २२५५०००००० | ६ | न्यायिक समिति | ४००००० |
| ८ | सशर्त अनुदान संघ(पुजीगत) | ६७८००००० | ७ | सूचना प्रविधि शाखा | ४५००००० |
| ९ | सशर्त अनुदान प्रदेश(चालू) | ६९५४००० | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सशर्त अनुदान प्रदेश (पुजीगत) | ४०००००० | ८ | पालिका स्तरीय योजनाहरू | ३५३००००० |
| ११ | विशेष अनुदान (प्रदेश) | ७०००००० | ९ | वडा स्तरीय योजनाहरू | ३५०००००० |
| १२ | बैंक मौज्याद | ३०७३७७७४. | १० | अन्य सार्वजनिक निर्माण | ४५००००० |
| १३ | अन्य आम्दानी | २४२०००५० | ११ | विपद व्यवस्थापन कोष | ४५००००० |
| | | | १२ | मर्मत संभार कोष | ३५००००० |
| | | | १३ | आर्थिक सहायता | ७००००० |
| | | | १४ | आकस्मिक कोष चालु | ५००००० |
| | | | १५ | साझेदारी कोष पुजीगत | ३५००००० |
| | | | १६ | पालिका गौरवको योजना | ५०००००० |
| | | | १७ | नगर प्रहरी | ३००००० |
| | | | १८ | अन्य लक्षित विविध कार्यक्रम | १५००००० |
| | | | १९ | संस्थागत विकास तथा सुदृढिकरण शाखा चालु | ६१००००० |
| | | | २० | भुक्तानी दिन बाँकी योजना | २४१९६६५३ |
| | | | २१ | क्रमागत योजना | ३११४६२७९ |
| | | | २२ | सिर्जित दायित्व | २३६१५२ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | २३ | अन्य साझेदारी तर्फ | २०००००० |
| | | | २४ | भैपरी आउने पुजिगत खर्च | ३५०००००० |
| | | | २५ | प्रदेश समपुरक पालिका थप | २०२०००००० |
| | | | २६ | प्रदेश समपुरक | २००००००० |
| | | | २७ | सशर्त अनुदान संघ चालु | २२५५०००००० |
| | | | २८ | सशर्त अनुदान संघ पुँजिगत | ६७८०००००० |
| | | | २९ | सशर्त अनुदान प्रदेश चालु | ६९५४००० |
| | | | ३० | सशर्त अनुदान प्रदेश पुँजिगत | ४०००००० |
| | | | ३१ | प्रदेश बिशेष अनुदान पुँजिगत | ७०००००० |
| | **जम्मा** | **६५९९८३०८४** | | **कुल जम्मा** | **६५९९८३०८४** |

**सभाध्यक्षज्यू,**

३. कुनै एक वार्ड, गाउँ, क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने यथार्थलाई मनन गर्दै योजना तथा कार्यक्रम तयार गर्दा सबै क्षेत्रलाई समेट्ने प्रयास गरिएको छ । यसबाट सबै क्षेत्रको सन्तुलित र समतामुलक विकासमा टेवा पुग्न जाने विश्वास लिईएको छ भने अर्कोतर्फ सीमित स्रोत र साधनलाई प्राथमिकताको आधारमा बाँडफाँड गर्दा छिरलिन गएको भन्ने आलोचनाबाट मुक्त हुन आगामी दिनमा थप स्रोत र साधनको पहिचानमा ध्यान दिनुपर्ने देखिन्छ ।

४. आर्थिक वर्ष २०८२/०८३ को आर्थिक विधेयक,२०८३ र विनियोजन विधेयक, २०८३ यसैसाथ प्रस्तुत गरेको छु ।

५. अन्त्यमा, बजेट तर्जुमाका सिलसिलामा मार्गदर्शन गर्नुहुने श्रद्धेय अध्यक्षज्यू आदरणीय सभा सदस्यज्यूहरू प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत गाउँपालिकाका कर्मचारी, राजनैतिक दल निजी क्षेत्र नागरिक समाज पत्रकार आम सरोकारवालाबाट प्राप्त सल्लाह सुझाव र सहयोगप्रति हार्दिक आभार प्रकट गर्दछु । साथै बजेट कार्यान्वयनमा पालिकाबासी दाजुभाई तथा दिदीबहिनी जनप्रतिनिधि स्थानीय राजनीतिक दल नागरिक समाज निर्माण व्यावसायी उपभोक्ता समिति राष्ट्रसेवक कर्मचारी तथा आम सरोकारवाला सबैको साथ सहयोग र समर्थन रहने अपेक्षा गरेको छु । विगतका बर्षबाट यस गाउँपालिकाले लिएको दीर्घकालिन विकास योजना क्षेत्रगत नीति रणनीति एवम् आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति कार्यक्रम तथा बजेट प्रभावकारी रूपमा कार्यान्वयन हुन सकेमा गाउँपालिको भौतिक पूर्वाधार आर्थिक सामाजिक सांस्कृतिक एवम् मानवीय विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्बद्ध सबै पक्षहरूबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा सहित प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट प्राप्त थप रचनात्मक सुझावको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद।**

**सबिता अर्याल**

**उपाध्यक्ष**

# सिद्धलेक गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८३

सिद्धलेक गाउँपालिकाको आर्थिक ऐन २०८३

गाउँसभाबाट स्वीकृत मितिः २०८३/०४/०८

**प्रस्तावनाः**

सिद्धलेक गाउँपालिकाको आर्थिक वर्ष २०८३।०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको लागी स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम सिद्धलेक गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम “सिद्धलेक गाउँपालिकाकोआर्थिक ऐन,२०८३” रहेको छ ।(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि सिद्धलेक गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकाको क्षेत्रभित्र अनुसूचि १ बमोजिम सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्र भित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि ३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल उपर गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि ४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु तथा अन्य निकासी करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल,तरकारी,खाद्यान्न र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे वापत तथा निर्यात गरे वापत अनुसूचि ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधनमा लाग्ने करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएर चल्ने सवारी साधन अनुसूचि ६ बमोजिमको सवारी कर लगाइने र असुल उपर गरिनेछ । तर संघीय तथा प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर संघीय तथा प्रदेशको कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुनेछ । संकलित विज्ञापन कर तोकिए बमोजिम वाँडफाँड गरिने छ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि ८ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ । तर संघीय तथा प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी करः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **सवारी साधन पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि १० बमोजिम सवारी साधन पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग,जिपफ्लायर र न्याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, जिपफ्लायर र न्याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत अनुसूचि ११ बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवा तथा सुबिधामा सेवाग्राहीबाट बिक्री तथा निकासीमा सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन तथा प्रवेश शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन तथा प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर संघीय तथा प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **वातावरण शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र नियमानुसार अनुसूची १४ मा उल्लेखित दरमा वातावरण शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१६. **दहत्तर बहत्तर शुल्कः** आर्थिक वर्ष २०८३/०८४ मा ढुङ्गा, गिट्टी, वालुवा, दहत्तर बहत्तरको संकलन तथा विक्रीमा अनुसुची १५ मा तोके वमोजिम(वागमती प्रदेश आर्थिक ऐन २०८३ वमोजिम) दहत्तर बहत्तर शुल्क असुल उपर गरिने छ । । साथै संकलित दहत्तर बहत्तर शुल्क वापतको रकम तोकिए बमोजिम वाडफाँड गरिने छ ।

१७. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई आर्थिक ऐनमा भएको व्यवस्था वाहेक कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी नियम वा कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार आवश्यकता अनुसार कर तथा शुल्क संकलन सम्बन्धी नियम वा कार्यविधि गाउँपालिकाले बनाउन सक्नेछ ।

१९. **यसै ऐन बमोजिम भएको मानिनेः** यो ऐन जारी हुनु अघि भए गरेका व्यवस्थाहरू यसै ऐन बमोजिम भए गरेको मानिनेछ ।

२०. **साबिक बमोजिम हुनेः** यस ऐनमा उल्लेखित व्यवस्था यसै बमोजिम र उल्लेखित नभएको हकमा साबिक बमोजिम नै हुनेछ ।

२१. **बाधा अड्काउ फुकाउः** यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आईपरेमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

२२. **खारेजीः** साविकमा सिद्धलेक गाउँपालिकाले लागू गर्दै आएका व्यवस्थाहरू यस ऐनसंग प्रतिकुल देखिएमा प्रतिकुल भएको हदसम्म खारेज हुनेछन् ।

**अनुसूचि १**

## सम्पति कर

**(ऐनको दफा २ संग सम्वन्धित)**

(१) गाउँपालिकाले आफ्नो क्षेत्र भित्र  बार्षिक रूपमा देहायको दरमा सम्पति करको दररेट कायम गरिएको छः

| क्र.सं. | सम्पत्तिकोमुल्य रू(भन्दा माथि) | सम्पत्तिकोमुल्य रू (सम्मको लागि) | सम्पतिकर आ.व.०८१।०८२ | सम्पतिकर आ.व.०८२।०८३ | सम्पतिकर आ.व.०८३।०८४ |
|---|---|---|---|---|---|
| १. | १ | ५,००,००० | ५० | ५० | ५० |
| २. | ५,००,००१ | ३०,००,००० | प्रति लाख रु १० | प्रति लाख रु १० | प्रति लाख रु १० |
| ३. | ३०,००,००१ | १,००,००,००० | प्रति लाख रु १५ | प्रति लाख रु १५ | प्रति लाख रु १५ |
| ४. | १,००,००,००१ | ३,००,००,००० | प्रति लाख रु २० | प्रति लाख रु २० | प्रति लाख रु २० |
| ५. | ३ करोड भन्दा माथि(प्रति लाख रू ) | | प्रति लाख रु २५ | प्रति लाख रु २५ | प्रति लाख रु २५ |

(२) सम्पति कर मुल्याङ्कन गर्दा देहायको आधार अनुसार गरिने छः

१. यस सिद्धलेक गाउँपालिकाको देहायका क्षेत्रमा सम्पति कर प्रयोजनका लागि तपसिल अनुसार न्यूनत्तम दररेट कायम गरी जग्गाको मुल्यांकन गरिनेछ । सो भन्दा माथी चलन चल्ती दररेट राखी स्वघोषणा गर्ने करदाताको सोही घोषित दररेटमा मुल्यांकन गरिने छ ।

२. सम्पति कर मूल्यांकन गर्दा ६ आना भन्दा कम क्षेत्रफल भइ छुट्टै कित्तामा संरचना वनेको भएकोमा सो कित्ताको पूरै जग्गाको सम्पति कर मूल्यांकनमा गणना गरिने छ भने ६ आना भन्दा वढि क्षेत्रफल भएको जग्गा भित्र घर संरचना वनेकोमा भने अधिकतम ६ आना जग्गालाइ सम्पति कर मूल्यांकनमा गणना गर्ने र वाँकी जग्गाको भूमिकर/मालपोतमा गणना गरिने छ र सोहि अनुसार असुल उपर गरिने छ ।

(३) सिद्धलेक गाउँपालिका क्षेत्रवाट संकलन गरिने सम्पति कर तथा मालपोत/भूमिकर प्रयोजनका लागि निर्धारण गरेको जग्गाको मुल्याङकनको दर रकम साविक मालपोत कार्यालय हालको भूमी प्रशासन कार्यालय धादिङले तोके वमोजिम देहाय अनुसार निर्धारण गरिएको छ ।

**सिद्धलेक गाउँपालिका वडा नं. ५, ६ र ७ (साविक कुम्पुर गा.वि.स.)**

| सि.नं. | जग्गाको विवरण | प्रति रोपनी मूल्यांकन रु. | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. २(ख), ४(क), ४(ख) मा पर्ने (कालुपाण्डे मार्ग/ मलेखु-धादिङवेशी सडक) पक्की सडकको दायाँ बायाँका जग्गाहरु | ३२,२५,०००।०० | |
| २ | परेवाटार माझिटार पिपलटार आदमटार सडकले छोएको सवै जग्गा | १३,७५,०००।०० | |
| ३ | परेवाटार खानीगाउँ पिप्ले कुम्पुर भञ्ज्याङ बाघबच्छला सुकौरा सडकले छोएको सवै जग्गा | १३,७५,०००।०० | |
| ४ | बुङचुङ स्याखुटार एस्लाङ बुङडाँडा कच्ची सडकमा पर्ने दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ५ | कालीदह केउरेनी बुङडाँडा कच्ची सडकमा पर्ने दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ६ | माथि उल्लेखित नक्सा नं.मा पर्ने कच्ची मोटरवाटोले छोएका दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ७ | जरे आदमटार अमिलीछाप भालडाँडा भैंसे कुम्पुर भञ्ज्याङ सडकले छोएको दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ८ | पिपलटार भालडाँडा बोजे शेरावेसी सडकले छोएको दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ९ | माथि उल्लेखित नक्सा नं. को बाटो बाहेक अन्य नक्साहरुले छोएको कच्ची मोटरबाटोको दायाँ बायाँका जग्गाहरु | ७,९२,०००।०० | |

| | | | |
|---|---|---|---|
| १० | गोरेटो वाटले छोएका दायाँ बायाँका जग्गाहरु | ३,३०,०००।०० | |
| ११ | गोरेटो वाटोले समेत पनि नछोएका अन्य जग्गा (कुम्पुर वडा नं. १ देखि ९ सम्म) प्रति रोपनी रु. | | |

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | २,२५,०००।०० | १,९०,०००।०० | १,३०,०००।०० | १,१०,०००।०० |
| पाखा | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० | २७,५००।०० |

**सिद्धलेक गाउँपालिका वडा नं. ३ र ४ (साविक सलाङ गा.वि.स.)**

| सि.नं. | जग्गाको विवरण | प्रति रोपनी मूल्यांकन रु. | कैफियत |
|---|---|---|---|
| १ | कालुपाण्डे मार्ग पक्की सडकले छोएको वडा नं. ८(क) बुङचुङ सिमावाट ५० मिटर भित्र पर्ने घडेरी प्रयोजनमा आउने दायाँ बायाँका जग्गाहरु | ३२,२५,०००।०० | |
| २ | बुङचुङ आरुवास भेडावारी मैदान सडकले छोएको सम्पूर्ण जग्गाहरु | १३,७५,०००।०० | |
| ३ | माथि उल्लेखित नक्सा नं.मा पर्ने कच्ची मोटरवाटोले छोएका दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |

| | | | |
|---|---|---|---|
| ४ | माथि उल्लेखित नक्सा नं.को बाटो वाहेक अन्य नक्साहरुले छोएको कच्ची मोटरवाटोको दायाँ बायाँका जग्गाहरु | ७,९२,०००।०० | |
| ५ | गोरेटो वाटोले छोएका दायाँ बायाँका जग्गाहरु | २,६४,०००।०० | |
| ६ | गोरेटो वाटोले समेत पनि नछोएका अन्य जग्गा (सलाङ वडा नं. १ देखि ९ सम्म) प्रति रोपनी रु. | | |

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १,९५,०००।०० | १,३२,०००।०० | १,१०,०००।०० | ८२,५००।०० |
| पाखा | ६६,०००।०० | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० |

**सिद्धलेक गाउँपालिका वडा नं. १ र २ (साविक नलाङ गा.वि.स.)**

| सि.नं. | जग्गाको विवरण | प्रति रोपनी मूल्यांकन रु. | कैफियत |
|---|---|---|---|
| १ | नलाङ वडा नं. ७(ग), ७(ङ), ७(च), ९(ग) मा पर्ने (कालुपाण्डे मार्ग/ मलेखु-धादिङवेशी सडक) पक्की सडकको दायाँ बायाँका जग्गाहरु | ३२,२५,०००।०० | |
| २ | वैरेनी पिपल नलाङ ठाँटी खिर्रे आमकोट कमलावारी मैदान सडकले छोएको सम्पूर्ण जग्गाहरु | १३,७५,०००।०० | |

| | | | |
|---|---|---|---|
| ३ | माथि उल्लेखित नक्सा नं.मा पर्ने कच्ची मोटरवाटोले छोएका दायाँ बायाँका जग्गाहरु | १०,७५,०००।०० | |
| ४ | माथि उल्लेखित नक्सा नं.को बाटो वाहेक अन्य नक्साहरुले छोएको कच्ची मोटरवाटोको दायाँ बायाँका जग्गाहरु | ७,९२,०००।०० | |
| ५ | गोरेटो वाटोले छोएका दायाँ बायाँका जग्गाहरु | ३,३०,०००।०० | |
| ६ | गोरेटो वाटोले समेत पनि नछोएका अन्य जग्गा (नलाङ वडा नं. १ देखि ९ सम्म) प्रति रोपनी रु. | | |

| विवरण | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|
| खेत | १,९५,०००।०० | १,३२,०००।०० | १,१०,०००।०० | ८२,५००।०० |
| पाखा | ६६,०००।०० | ५५,०००।०० | ४४,०००।०० | ३३,०००।०० |

(क) भौतिक संरचना तर्फ सम्पति कर निर्धारण प्रयोजनका लागि मूल्याङ्कन दर देहाय बमोजिम वा स्वघोषणा अनुसार देहायको दररेटमा कम नहुने गरी मुल्यांकन गरिने छ ।

(ख) बजार क्षेत्र

| क्र.सं. | प्रकार | दररेट (प्रतिवर्ग फिट) | | ह्रासकट्टी दर प्रतिशत |
|---|---|---|---|---|
| | | २०८२।०८३ | २०८३।०८४ | |
| १. | आर सि.सि फ्रेम स्टक्चर | १००० | १२०० | १ |
| २. | सिमेन्ट जोडाई इट्टा वा ढुंगाको गारो र आर सि.सि छाना भएका घरहरु | ४०० | ६०० | २ |

| | | | | |
|---|---|---|---|---|
| ३. | माटोको जोडाई इटा ढुङ्गाको गारो आर.सि सि छाना भएका | ३०० | ५०० | ३ |
| ४. | सिमेन्ट जोडाइ इट्टा वा ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घरहरु | ३०० | ५०० | २ |
| ५. | माटोको जोडाइ इट्टा र ढुङ्गा वा ब्लकको गारो जस्ता छाना भएका घर | २०० | ४०० | ३ |
| ६. | सिमेन्ट जोडाइमा इट्टा र ढुङ्गाको गारो भई टायलको छाना भएका घरहरु | २०० | ३०० | ३ |
| ७. | माटो ढुङ्गा इट्टाको जोडाइ जस्ताको छाना भएको घरहरु | १०० | २०० | ३ |
| ८. | काठको घर तथा अन्य | १०० | १०० | ५ |

(ग) ग्रामिण क्षेत्र

| क्र.सं. | **घरको मुल्यांकन** | **सम्पति मूल्यांकन एकमुष्ट रु.** | | | **कैफियत** |
|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| १ | एक तले पक्की घर | २० लाख | २० लाख | २२ लाख | |
| २ | दुई तले पक्की घर | ३० लाख | ३० लाख | ३२ लाख | |
| ३ | तीन तले पक्की घर | ४० लाख | ४० लाख | ४२ लाख | |
| ४ | कच्ची घर | १० लाख | १० लाख | १२ लाख | |
| ५ | गोठ | २ लाख | २ लाख | ३ लाख | |

(४) सम्पति कर निर्धारण गर्दा देहाय अनुसार हुनेछः

१. सम्पती कर र घर जग्गा कर स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५५ को उपदफा १ वमोजिम आ.व २०८३/०८४ को श्रावण १ गते वाट प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ ।

२. यस भन्दा पहिला सो घोषित गरी बढी कर तिरेका करदातालाई यस दर बमोजिम समायोजन गर्न चाहेमा कर समायोजन गरिदिन सकिने छ ।

३. सम्पति कर निर्धारणका लागि करदाताले तोकिएको ढाँचामा आफ्नो सवै सम्पतिको विवरण खुलाउनु पर्नेछ । करदाताले विवरण पेश गर्दा आफ्नो सवै सम्पतिको विवरण नखुलाई पेश गरि कर तिर्न आएको पाईएमा त्यस्ता सम्पतिलाई पुरानो विवरणमा नै समावेश गरि सम्पति मूल्याङकन गरि कर निर्धारण गरिने छ । यसरी निर्धारण हुने कर रकम वरावर जरिवाना थप गरी कर असुल गरिनेछ ।

४. सम्पति कर बक्यौंता तथा दण्ड जरिवाना दरः गाँउपालिकालाई करदाताले बुझाउनु पर्ने रकम बक्यौंता भएमा देहाय बमोजिम दण्ड तथा जरिवाना लाग्नेछ ।

| क्र.सं. | वक्यौंता विवरण | जरिवाना प्रतिशत |
|---|---|---|
| १ | पहिलो वर्ष | ५ |
| २ | दोस्रो वर्ष | १० |
| ३ | तेस्रो वर्ष | १५ |
| ४ | चौथो वर्ष वा सो भन्दा माथि | २० |

५. छुट सम्बन्धी व्यवस्थाः (१)प्रत्येक चालु आर्थिक वर्षको असोज मसान्त भित्र कर तिरेमा लाग्ने करमा १० प्रतिशत छुट दिईनेछ ।
(२) पूर्ण अपाङ्गको नाउँमा अचल सम्पती भएमा कुनै किसिमको सम्पति कर लगाईने छैन

**अनुसूचि २**

**मालपोत तथा भूमिकर**

**(ऐनको दफा ३ संग सम्वन्धित)**

१ .आ.व. २०८३/०८४को लागि गाउँपालिकाले आफ्नो क्षेत्र भित्र रहेका जग्गाहरुमा बार्षिक रूपमा देहायको दरमा भूमीकर(मालपोत)को दररेट कायम गरिएको छः

| क्र.सं. | सम्पत्तिको मुल्य रू. (भन्दा माथि) | सम्पत्तिको मुल्य रू. (सम्मको लागि) | भूमीकर /मालपोत (एकमुष्ट) रु. |
|---|---|---|---|
| ६. | १ | ५,००,००० | २५ |
| ७. | ५,००,००१ | १०,००,००० | ५० |
| ८. | १०,००,००१ | २०,००,००० | १०० |
| ९. | २०,००,००१ | २५,००,००० | १५० |
| १०. | २५,००,००१ | ३०,००,००० | २०० |
| ११. | ३०,००,००१ | ३५,००,००० | २५० |
| १२. | ३५,००,००१ | ४०,००,००० | ३०० |
| १३. | ४०,००,००१ | ४५,००,००० | ३५० |
| १४. | ४५,००,००१ | ५०,००,००० | ४०० |
| १५. | ५०,००,००१ | ५५,००,००० | ४५० |
| १६. | ५५,००,००१ | ६०,००,००० | ५०० |
| १७. | ६०,००,००१ | ६५,००,००० | ५५० |
| १८. | ६५,००,००१ | ७०,००,००० | ६०० |
| १९. | ७०,००,००१ | ७५,००,००० | ६५० |
| २०. | ७५,००,००१ | ८०,००,००० | ७०० |

| | | | |
|---|---|---|---|
| २१. | ८०,००,००१ | ८५,००,००० | ७५० |
| २२. | ८५,००,००१ | ९०,००,००० | ८०० |
| २३. | ९०,००,००१ | ९५,००,००० | ८५० |
| २४. | ९५,००,००१ | १,००,००,००० | ९०० |
| २५. | १,००,००,००१ | ११०,००,००० | १००० |
| २६. | ११०,००,०००१ | १२०,००,००० | ११०० |
| २७. | १२०,००,००१ | १३०,००,००० | १२०० |
| २८. | १३०,००,००१ | १४०,००,००० | १३०० |
| २९. | १४०,००,००१ | १५०,००,००० | १४०० |
| ३०. | १५०,००,००१ | १६०,००,००० | १५०० |
| ३१. | १६०,००,००१ | १७०,००,००० | १६०० |
| ३२. | १७०,००,००१ | १८०,००,००० | १७०० |
| ३३. | १८०,००,००१ | १९०,००,००० | १८०० |
| ३४. | १९०,००,००१ | २००,००,००० | १९०० |
| ३५. | २००,००,००१ | २१०,००,००० | २००० |
| ३६. | २१०,००,००१ | २२०,००,००० | २१०० |

| | | | |
|---|---|---|---|
| ३७. | २२०,००,००१ | २३०,००,००० | २२०० |
| ३८. | २३०,००,००१ | २४०,००,००० | २३०० |
| ३९. | २४०,००,००१ | २५०,००,००० | २४०० |
| ४०. | २५०,००,००१ | २६०,००,००० | २५०० |
| ४१. | २६०,००,००१ | २७०,००,००० | २६०० |
| ४२. | २७०,००,००१ | २८०,००,००० | २७०० |
| ४३. | २८०,००,००१ | २९०,००,००० | २८०० |
| ४४. | २९०,००,००१ | ३००,००,००० | २९०० |
| ४५. | **३००,००,००१ भन्दा माथि जति भएपनि** | | ३५०० |

२. भूमि कर तथा मालपोतको बक्यौतामा निम्न अनुसारको जरिवाना रहने छः

| क्र.सं. | वर्ष | प्रतिशत |
|---|---|---|
| १ | पहिलो वर्ष | १०% |
| २ | दोस्रो वर्ष | १५% |
| ३ | तेस्रो वर्ष | २०% |
| ४ | चौथो वर्ष वा सो भन्दा माथि | २५% |

**अनुसूचि ३**

**बहाल कर**

**(ऐनको दफा ४ संग सम्वन्धित)**

गाउँपालिका क्षेत्र भित्र देहाय अनुसार बहाल कर लाग्नेछः

१. गाउँपालिका क्षेत्र भित्र कुनै घर,पसल,ग्यारेज,गोदाम,टहरा,सेड(छप्पर) कारखाना जग्गा वा पोखरी पुरै वा आंसिक तवरले वहाल दिएको सम्वन्धित धनीलाई वहाल आम्दानीको १० प्रतिशत वहाल कर लाग्नेछ।

२. कृषि कार्यको लागि लगाइएको जग्गा वहालमा दिएको सम्वन्धित धनीलाई वहाल आम्दानीको ७ प्रतिशत वहाल कर लाग्नेछ।

३. नेपाल सरकार,प्रदेश सरकार वा गाउँपालिकाबाट स्विकृत लिएर सार्वजनिक जग्गामा निर्माण भएका घर टहरा,पसल, उद्योगबाट वहालकर वापत प्रति वर्गफिट रू २। का दरले वहालकर गाँउपालिकालाई दिनुपर्नेछ।

४. व्यवसाय नविकरण सँगसँगै वहालकर लिइने छ।

५. सरकारी कार्यालय वा संघसंस्थाहरुले घर वहाल भुक्तानी गर्दा घर भाडा भुक्तानी गरेकै अबस्थामा घरवहाल कर कटाई गाँउपालिकामा पठाउनु पर्नेछ।

६. वहाल कर प्रयोजनको लागि व्यवसाय दर्ता वा नविकरण गर्दा घरधनीसंगको संझौता पत्र अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

**अनुसूचि ४**

**व्यवसाय कर**

**(ऐनको दफा ५ सँग सम्बन्धित)**

गाउँपालिका क्षेत्रभित्र व्यापार व्यवसाय गर्ने व्यवसायीहरूले बार्षिक रूपमा देहाय बमोजिम व्यवसाय कर तिर्नु पर्नेछ। व्यापार व्यवसाय गर्दा गाउँपालिकामा अनिवार्य रूपमा व्यापार व्यवसाय दर्ता गरी हरेक आर्थिक वर्षमा तोकिएको मिति सम्म नविकरण गर्नुपर्नेछ। व्यवसायको लागानी तथा प्रकृतिका आधारमा देहाय बमोजिमको दररेट कायम गरिएको छ।

**क)** व्यापार व्यवसाय तथा कृषि तथा पशुपालन फर्महरुको लगानीको आधारमा आ.व. २०८३/०८४मा देहाय अनुसारको व्यवसाय कर लगाइने छ।

| क्र.सं. | व्यापार व्यवसाय विवरण | बार्षिक व्यवसाय कर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| १. | **लगानी पूँजि १ लाख सम्म भएको व्यवसाय** | | | ५०० | |
| २. | **लगानी पूँजि १ लाख देखि ३ लाख सम्म भएको व्यवसाय** | | | ५०० | |
| ३. | **लगानी पूँजि ३ लाख देखि ५ लाख सम्म भएको व्यवसाय** | | | ५०० | |
| ४. | **लगानी पूँजि ५ लाख देखि १० लाख सम्म भएको व्यवसाय** | | ५०० | ५०० | |
| ५. | **लगानी पूँजि १० लाख देखि २० लाख सम्म भएको व्यवसाय** | | ७०० | ७०० | |
| ६. | **लगानी पूँजि २० लाख देखि ५० लाख सम्म भएको व्यवसाय** | | ९०० | ९०० | |
| ७. | **लगानी पूँजि ५० लाख देखि ७० लाख सम्म भएको व्यवसाय** | | १००० | १००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. | लगानी पूँजि ७० लाख देखि १ करोड सम्म भएको व्यवसाय | | १२०० | १२०० | |
| ९. | लगानी पूँजि १ करोड देखि १ करोड ५० लाख सम्म भएको व्यवसाय | | १५०० | १५०० | |
| १०. | लगानी पूँजि १ करोड ५० लाख देखि २ करोड सम्म भएको व्यवसाय | | २००० | २००० | |
| ११. | लगानी पूँजि २ करोड देखि २ करोड ५० लाख सम्म भएको व्यवसाय | | २५०० | २५०० | |
| १२. | लगानी पूँजि २ करोड ५० लाख देखि ३ करोड सम्म भएको व्यवसाय | | ३००० | ३००० | |
| १३. | लगानी पूँजि ३ करोड देखि ३ करोड ५० लाख सम्म भएको व्यवसाय | | ३५०० | ३५०० | |
| १४. | लगानी पूँजि ३ करोड ५० लाख देखि ४ करोड सम्म भएको व्यवसाय | | ४००० | ४००० | |
| १५. | लगानी पूँजि ४ करोड देखि ४ करोड ५० लाख सम्म भएको व्यवसाय | | ४५०० | ४५०० | |
| १६. | लगानी पूँजि ४ करोड ५० लाख देखि ५ करोड सम्म भएको व्यवसाय | | ५००० | ५००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १७. | **लगानी पूँजि ५ करोड भन्दा वढि भएको व्यवसायको हकमा प्रति करोड रु. १०००** | | १००० | १००० | |

**ख)** व्यापार व्यवसाय तथा फर्महरुको व्यवसायको प्रकृतिको आधारमा आ.व. २०८३/०८४मा देहाय अनुसारको व्यवसाय कर लगाइने छ।

| क.सं. | व्यापार व्यवसाय विवरण | बार्षिक व्यवसाय करको दर | | | कैफियत |
|---|---|---|---|---|---|
| | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| १८. | **ऐजेन्सी तथा वित्तीय संघ संस्था** | | | | |
| **क** | फाईनान्स कम्पनी | ६००० | ६००० | ६००० | |
| **ख** | बचत तथा ऋण कारोवार गर्ने सहकारी संस्था/वहुद्देशीय सहकारी संस्था | ५००० | १००० | १००० | |
| **ग** | बचत तथा ऋण कारोवार गर्ने बाहेक अन्य सहकारी संस्था | १००० | १००० | १००० | |
| **घ** | मनि एक्सचेन्ज,ट्रान्स्फर,रेमिटेन्स् सेबा | २००० | २००० | २००० | |
| **ङ** | ट्राभल एजेन्सी | १००० | १००० | १००० | |
| **च** | बिमा कम्पनीका शाखा कार्यालय | ४००० | ४००० | ४००० | |
| **छ** | बिमा एजेण्ट तथा अभिकर्ता | ५०० | ५०० | ५०० | |
| **ज** | विज्ञापन इजेन्सी तथा व्यवसाय | ८०० | ८०० | ८०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **झ** | दुर्त पार्सल तथा डकुमेण्ट्स सर्भिस सेवा | ५०० | ५०० | ५०० | |
| **ञ** | सिनेमा हल | ५००० | ५००० | ५००० | |
| **ट** | व्यवसायीक प्रकृतिका जडान भएका भ्यू टावरको | ५०,००० | ५०,००० | ५०,००० | |
| १९. | **वैंकिङ्ग कारोवार गर्ने वैंक तथा वीत्तिय संस्था** | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| **क** | "क" वर्ग | २५,००० | २५,००० | २५,००० | |
| **ख** | "ख" वर्ग | २०,००० | २०,००० | २०,००० | |
| **ग** | "ग" वर्ग | १५,००० | १५,००० | १५,००० | |
| **घ** | "घ" वर्ग | १५,००० | १५,००० | १५,००० | |
| २०. | **निजी क्षेत्रबाट संचालित विद्यालय** | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| **क** | उच्च शिक्षा संचालन गर्ने बिद्यालय | ५००० | ५००० | ५००० | |
| **ख** | माध्यामिक विद्यालय | ३००० | ३००० | ३००० | |
| **ग** | आधारभूत विद्यालय | २५०० | २५०० | २५०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| **घ** | प्राथमिक विद्यालय | २००० | २००० | २००० | |
| **ङ** | मन्टेश्वरी | १००० | १००० | १००० | |
| २१. | **संचार सेवा प्रदायक संस्था** | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| **क** | ईन्टरनेट सेवा प्रदायक संस्था | २००० | २००० | २००० | |
| **ख** | केवल नेटवर्क सेवा प्रदायक संस्था | २००० | २००० | २००० | |
| २२. | **मिस्रित व्यवसाय** | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| **क** | घुमन्ते रूपमा व्यवसाय | १००० | १००० | १००० | |
| **ख** | खानेपानी फ्याक्ट्री | १५००० | २५००० | २५००० | |
| **ग** | ईटा उद्योग | ७५००० | ७५००० | ७५००० | |
| **घ** | बालुवा उत्खनन् तथा प्रशोधन उद्योग | १००००० | १००००० | १००००० | |
| **ङ** | क्रसर उद्योग | २००००० | २००००० | २००००० | |
| २३. | आर्थिक वर्ष शुरुभएको ३ महिना भित्र व्यवसाय कर नवुझाउने व्यवसायहरुलाइ देहाय वमोजिमको थप जरिवाना लगाइने छ। | | | | |
| **क** | कार्तिक देखि पौष सम्म | | ५% | ५% | |

| | | | | | |
|---|---|---|---|---|---|
| **ख** | माघ देखि चैत्र सम्म | | १०% | ७% | |
| **ग** | वैसाख देखि असार सम्म | | १५% | १०% | |
| २४. | **विभिन्न कम्पनीको व्यवसायिक प्रदर्शनी तथा एकस्चेन्ज मेला अनुमती दस्तुर** | | | ५००० | |
| २५. | **माथि उल्लेखित दरमा विदेशीलाई थप रू २०००।०० लाग्नेछ । विदेसी मुलुकका नागरिकले व्यवसाय दर्ता गर्नुपर्दा सम्बन्धित राजदुताबासको सिफारिसको आधारमा मात्र व्यबसाय दर्ता गरिने छ ।** | | | | |
| २६. | **घरेलु तथा साना उद्योग कार्यालय तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएर गाउँपलिकामा सूचिकृत भएका व्यवसायहरुलाइ व्यवसाय कर मात्र लगाइने छ । गाउँपालिकामा दर्ता भएका व्यवसायहरुको हकमा नविकरण दस्तुर वुझाएमा व्यवसाय कर वापत थप दस्तुर लाग्ने छैन ।** | | | | |

**नोट : माथि उल्लेखित बाहेक छुट हुन गएका व्यवसायहरुलाई व्यवसायको प्रकृती हेरी उल्लेखित विषयसँग मेल खाने किसिमका दरमा रु. ३००/ देखि रु. ५०००/ सम्म लिइने छ ।**

**अनुसूचि ५**

## जडिबुटी, कवाडी र जीवजन्तु तथा अन्य निकासी करः

(ऐनको दफा ६ संग सम्वन्धित)

**क. प्रचलित कानुनले निषेध गरेका वाहेक गाउँपालिकाबाट बाहिर निकासी हुँदा मात्र मृतक पशुका हाड, सिङ, खुर, प्वाख र छाला आदिको (प्रति पटक)**

| क्र.सं, | निकासी हुने माल वस्तुको नाम | ईकाई | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | कैफियत |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | हाड खोर | प्रतिकेजी | १। | १। | १। | |
| २. | सिंङ | प्रतिकेजी | २। | २। | २। | |
| ३. | खुर | प्रतिकेजी | २। | ३। | ३। | |
| ४. | काँचो छाला ठुलो | प्रति गोटा | २५। | २५। | २५। | |
| ५. | छाला सानो | प्रति गोटा | १५। | १५। | १५। | |
| ६. | हाँस कुखुरा जस्ता पंक्षीहरु को प्वाख | प्रतिकेजी | १।५० | १।५० | १।५० | |
| ७. | उन प्राकृतिक र कृतिम | प्रति केजी | १।१० | १।५० | १।५० | |
| ८. | | | | | | |

**ख. जडिवुटी (सिद्धलेकमा उत्पादन भै निकासी हुने (प्रचलित नियमले तोके वमोजिम मात्र)**

| क्र.स. | निकासी हुने माल वस्तुको नाम | ईकाइ | करको दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| १. | वन नियमावलीमा तोकिएका जडिवुटी | प्रतिकेजी | ०।२५ | ०।२५ | ०।२५ | |
| २. | लसुन अदुवा | प्रतिकेजी | ०।२५ | ०।२५ | ०।२५ | |
| ३. | खर, अम्लिसो, वावियो, अल्लो,<br>छवाली, पराल, लोक्ता, निगालो आदि | प्रति ट्रिप | १००। | १००। | १००। | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | खोटो (लिसा) | प्रतिकेजी | ०।५० | ०।५० | ०।५० | |
| ५. | सालको विया | प्रतिकेजी | ०।७५ | ०।७५ | ०।७५ | |
| ६. | निजी तथा सामुदायिक वनवाट निस्कने ढलेका सडेका खयरको निकासी | क्यू फिट | १५।०० | १५।०० | १५।०० | |
| ७. | वाँस | प्रति गोटा | ०।५० | ०।५० | ०।५० | |

**ग) जडिबुटीः(सिद्धलेक गाउँपालिकामा उत्पादन भै गाँउपालिका बाहिर  निकासी हुने)**

| क्र.स. | निकासी हुने माल वस्तुको नाम | ईकाइ | करको दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| १. | सल्लाको सिम्ठा | प्रति बोरा | १५ | १५ | १५ | |
| २. | कुरिलो | प्रति बोरा | ३० | ३० | ३० | |
| ३. | झ्याउ | प्रति बोरा | ३० | ३० | ३० | |
| ४. | पाखन वेद | प्रति बोरा | २० | २० | २० | |
| ५. | टिम्मुर | प्रति बोरा | ५० | ५० | ५० | |
| ६. | वनकेरा,ठन्के बिष | प्रति बोरा | ३० | ३० | ३० | |
| ७. | चिराईतो | प्रति बोरा | ४० | ४० | ४० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८. | नागवेली,बोकेफूल | प्रति बोरा | २० | २० | २० | |
| ९. | लोढसल्लाको पात | प्रति बोरा | ३० | ३० | ३० | |
| १०. | सल्लाको खोटो | प्रति केजी | २ | २ | २ | |
| ११. | धसिंगरे तेल | प्रति केजी | २० | २० | २० | |
| १२. | कालीकाठ दाना | प्रति बोरा | १०० | १०० | १०० | |
| १३. | सुनाखरी,सुनगाभा | प्रति बोरा | १०० | १०० | १०० | |
| १४. | पानी अमला | प्रति बोरा | ५० | ५० | ५० | |
| १५. | विजमाला | प्रति गोटा | १ | १ | १ | |
| १६. | मजिठो | प्रति बोरा | २० | २० | २० | |
| १७. | अम्रिसो कुचो | प्रति वटा | १ | १ | १ | |
| १८. | लोढसल्ला | प्रति बोरा | १ | १ | १ | |
| १९. | भुई स्याउ | प्रति वोरा | ५० | ५० | ५० | |
| २०. | रोजमेरी | प्रति केजी | १ | १ | १ | |
| २१. | चुत्रोको डाँठ वा जरा | प्रति बोरा | २५ | २५ | २५ | |

**घ) कबाडीका सामानहरू(सिद्धलेक गाँउपालिकामा उत्पादन भै निकासी हुने )**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १. | खाली बोतल | प्रति बोरा | २० | २० | २० | |
| २. | वाईनका बोतल | ,, | १० | १० | १० | |
| ३. | फलाम कबाडी | प्रति केजी | १ | १ | १ | |
| ४. | प्लाष्टिक | ,, | १ | १ | १ | |

**ङ) सिद्धलेक गाउँपालिकामा उत्पादन भै गाउँपालिका बाहिर निकासी हुने वन पैदावर(काठ, दाउरा, गोलिया, चिरान )**

| क.स. | निकासी हुने माल वस्तुको नाम | ईकाइ | करको दर | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | ०८१।०८२ | ०८२।०८३ | ०८३।०८४ | |
| **काठ,दाउरा, गोलिया** | | | | | | |
| १. | कुकाठ गोलिया/चिरान १२ चक्के | प्रति ट्रक | २५०० | २५०० | २५०० | |
